फोन नं. ०३१-४१०१११

# शम्भुनाथ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कठौना, सप्तरी
## मधेश प्रदेश नेपाल

**सूचना !** **सूचना !!** **सूचना !!!**

**आ.ब. २०७९/०८० को सार्वजनिक हटिया ठेक्का सम्बन्धि शिलबन्दी दरभाउ आह्वानको सूचना**

प्रथम पटक प्रकाशित मितिः २०७९/०५/२६ गते

यस शम्भुनाथ नगरपालिकाको राजश्व परामर्श समितिको निर्णय अनुसार यस शम्भुनाथ नगरपालिका भित्र रहेको निम्न बमोजिमका हाट बजार बन्दोबस्तीको लागि तिन बर्षको लागि आ.ब. २०८१/०८२ सम्मको लागि ठेक्का लगाउनु पर्ने भएकोले तपसिलको शर्तको अधिनमा रहि इच्छुक व्यक्ति/संस्थाहरुबाट रित पुर्वकको शिलबन्दी दरभाउ पत्र आह्वानको लागि १५ (पन्ध्र) दिने सूचना प्रकाशन गरिएको छ।

**निम्न**

| ठेक्का नं. | हटियाको नाम, बिवरण | ठेगानाअवस्थित/ | तिन बर्षको लागि न्युन्तम ठेक्का अङ्क | कैफियत |
|---|---|---|---|---|
| ०३३/२०७९/८० | कठौना हटिया | शम्भुनाथ न६-.पा. | ३९५०००-/ | |
| ०३४/२०७९/८० | ट्राफिक हटिया | शम्भुनाथ न३र २-.पा. | १७५९५१-/ | |
| ०३५/२०७९/८० | लहरनियाँ हटिया | शम्भुनाथ न११-.पा. | २९१००-/ | |
| ३६/२०७९/८० | डेढवा हटिया | शम्भुनाथ न१२-.पा. | ४६०००-/ | |
| ०३७/२०७९/८० | कुशहा हटिया | शम्भुनाथ न१२-.पा. | ३०५००-/ | |

**नियम तथा शर्तहरुः**

१. ठेक्का फाराम दस्तुर रु. ५००/- (पछि फिर्ता नहुने गरी) नगद बुझाउनु पर्नेछ। ठेक्का फाराम यस नगरपालिकाको राजश्व शाखाबाट सूचना प्रकाशन भएकै मितिबाट उपलब्ध हुनेछ। एउटा फाराममा एक मात्र हटियाको लागि शिलबन्दी गरी पेश गर्नु पर्नेछ।

२. शिलबन्दि दरभाउ पत्र दर्ता गर्ने अन्तिम मितिः २०७९ असोज ९ गते आईतबार कार्यालय समय भित्र कार्यालयमा दर्ता गराउनु पर्नेछ।

३. शिलबन्दि दरभाउ पत्र मिति २०७९ असोज ११ गते मंगलबार दिनको १:०० बजे खोलिनेछ।

४. शिलबन्दि दरभाउ पत्र दर्ता तथा खोलिने दिन सार्वजनिक बिदा परे सो को भोलि पल्ट हुनेछ।

५. खरिदको लागि संस्थाको हकमा संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी, नविकरण भएको, कर चुक्ता प्रमाणपत्र, स्थायी लेखा प्रमाणपत्रको प्रतिलिपि र व्यक्तिको हकमा नागरिकता प्रमाणपत्रको फोटोकपि र निवेदन।

६. कबोल अंकको लागि तोकिएको न्युन्तम दर रेट भन्दा कम भएमा फाराम स्वतः रद्द हुनेछ।

७. शिलबन्दी दरभाउ पेश गर्दा आफूले कबोल गरेको ठेक्का अंकको ५% ले हुन आउने रकम यस नगरपालिकाको राष्ट्रिय बाणिज्य बैंक कठौना स्थित बैंक खाता नं. २३२०१००३०३००००००८ मा नगद जम्मा गरेको सक्कल भौचर नागरिकताको प्रतिलिपि संलग्न राखि शिलवन्दी पेश गर्नुपर्नेछ।

८. ठेक्का स्विकृत भएको रकम स्विकृत भएको मितिले ७ दिन भित्र एकमुष्ठ नगदै वा यस कार्यालयको आन्तरिक राजश्व खाता नं. २३२०१०० ३०१०१०००८ मा जम्मा गरी भौचर बुझाउनु पर्नेछ। एकमुष्ठ रकम बुझाए १०% छुट दिइनेछ।

९. एकमुष्ठ रकम नबुझाई किस्ता बन्दीमा बुझाउनेले तिन किस्तामा बुझाउँदा पहिलो किस्ता स्वीकृत भएको सात दिन भित्र बुझाई बाँकी दुई किस्ता रकम बराबरको जमानत पेश गर्नु पर्नेछ। अन्यथा सम्झौता गरिनेछैन। किस्ता दामासाहीले निर्धारण गरिनेछ। किस्ता बन्दीमा छुट दिईनेछैन।

१०. ठेकेदारले सम्झौताको शर्त, नियम र प्रचलित ठेक्का सम्झौता ऐन, नियम तथा नगरपालिकाको प्रत्यक्ष नीति, निर्देशनमा रहि सञ्चालन गर्नुपर्नेछ, सम्झौता विपरित कार्य गरेमा जुनसुकै बखत नगरपालिका कार्यालयले एक तर्फी सम्झौता भङ्ग गरी बैकल्पिक व्यवस्था गर्न सक्नेछ। सो निर्णय उपर कहि कतै उजुर बाजुर लाग्ने छैन।

११. कर पुर्जा अनिवार्य लागु गर्नु पर्नेछ र पुर्जा रसिद ठेकेदार स्वयमले नै छपाउनु पर्नेछ। कर बापत हटियामा जिन्सी सामान उठाउन पाइनेछैन।

१२. ठेक्का स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार नगरपालिकामा निहित रहनेछ।

१३. पेश्की वा बाँकी बक्यौता हुनेले बक्यौता रकम नबुझाई कुनै पनि ठेक्कामा भाग लिन पाउने छैन।

१४. ठेक्का बन्दोबस्त भई सकेपछि कुनै किसिमको दैबि प्रकोप आदी भएमा त्यसको जिम्मेवार स्वयम् ठेकेदार नै हुनु पर्ने र सो कबोल गरेको रकममा मिनाहा हुनेछैन।

१५. एक व्यक्ति वा संस्थाको नाममा खरिद गरेको सिलबन्दि दरभाउ फाराम अर्को व्यक्ति वा संस्थाको नामबाट दाखिला गर्न पाईने छैन।

१६. हटिया ठेक्का सम्बन्धि अन्य व्यवस्था नगरपालिकाको निर्णय बमोजिम हुनेछ।

..........................

राज कुमार दास

प्रमुख प्रशासकीय अधिकृत

राज कुमार दास
प्रमुख प्रशासकीय अधिकृत

http://www.shambhunathmun.gov.np Email address: shambhunathmun@gmail.com